# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय
### हेटौंडा, मकवानपुर

## वन विज्ञान (Forestry) विषयको स्नातक तहमा भर्ना सम्वन्धि सूचना

शैक्षिक सत्र २०७१-२०७५ का लागि यस विश्वविद्यालय अन्तर्गत वन विज्ञान स्नातक (B.Sc. Forestry) तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट आवेदन आह्वान गरिन्छ । आवेदकले आवेदन फारामसाथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु र हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति संलग्न गर्नु पर्नेछ । साथै त्रिभुवन विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयवाट प्रमाणपत्र तह उत्तीर्ण गर्ने आवेदकहरुले समानस्तर निर्धारणको प्रमाण र मुल प्रमाणपत्र (Certificate) वा अस्थायी प्रमाणपत्र (Provisional Certificate) को प्रतिलिपी समेत पेश गर्नुपर्नेछ । विदेशबाट परीक्षा उत्तीर्ण गरेको भए Migration Certificate तथा समकक्षता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

१. **आवेदन फाराम विक्री र वुझाउने अवधि :** मिति २०७१/०६/३० देखि मिति २०७१/०८/०५ सम्म कार्यालय समय भित्र (विदाको दिन बाहेक) । दोब्बर शुल्क बुझाई मिति २०७१/०८/०७ देखि मिति २०७१/०८/१४ सम्म डीनको कार्यालय, वन विज्ञान संकाय, हेटौडाबाट मात्र आवेदन फाराम लिन तथा बुझाउन सकिनेछ ।

२. **आवेदन फाराम शुल्क र प्रवेश परीक्षा शुल्क :** रु.२,०००।- (दुई हजार) एकमुष्ट (फाराम शुल्क रु.५००।- + प्रवेश परीक्षा शुल्क रु.१,५००।-) लाग्नेछ । उक्त शुल्कहरु वन विज्ञान संकायको नाममा रहेको राष्ट्रिय बाणिज्य बैङ्क, भरतपुर शाखा चल्ति खाता नं. १३१०००५९५१०१ मा जम्मा गर्नुपर्नेछ ।

३. **आवेदन फाराम लिन, वुझाउन वा थप जानकारीको लागी सम्पर्क गर्न सकिने स्थानहरु :**
   - (क) वन विज्ञान संकाय, हेटौंडा, मकवानपुर (फो.नं. ०५७-५२३२४८, ५२४१५४, ५२७३५४)
   - (ख) कृषि तथा वन विज्ञान विश्वविद्यालय, केन्द्रिय कार्यालय, भरतपुर, चितवन (फो.नं.०५६-५२०६०२)
   - (ग) कृषि तथा वन विज्ञान विश्वविद्यालय, सम्पर्क कार्यालय, विनायक, ध्रुवमार्ग, मीनभवन, काठमाण्डौ (फोन.नं.०१-४४७८६४७)
   - (घ) यस विश्वविद्यालयको website: www.afu.edu.np वाट आवेदन फाराम डाउनलोड गर्न पनि सकिनेछ ।

४. **प्रवेश परीक्षा :** २०७१ मंसिर २७ गते शनिबार दिनको ११:०० वजे यस संकायमा हुनेछ ।

५. **प्रवेशपत्र वितरण :** २०७१ साल मंसिर २६ गते १०:०० बजे देखि वितरण गरिनेछ ।

६. **आवश्यक न्युनतम शैक्षिक योग्यता :** एस.एल.सी. वा सो सरहको परीक्षा उत्तिर्ण भई आई.एस्सी. (विज्ञान) वा १०+२ (विज्ञान) वा वन विज्ञान विषयमा प्राविधिक प्रमाणपत्र तह वा सो सरह अध्ययन गरी कुल प्राप्ताङ्कको कम्तिमा ५०% (पचास प्रतिशत) अङ्क प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ ।

७. संलग्न हुनुपर्ने आवश्यक कागजात अपुग भएको वा हुलाकबाट पठाइएको वा तोकिएको स्थानहरु बाहेक अन्य ठाउँमा दर्ता गरिएको वा बुझाएको आवेदन फाराम उपर कुनै कारवाही गरिने छैन ।

८. **भर्नाको नामावली प्रकाशन मिति :-**

**(I) मेरिट कोटाको लागि :-**

(क) भर्नाको लागि प्रथम नामावली २०७१ मंसिर २८ गते प्रकाशित गरिनेछ र प्रथम नामावलीमा परेका विद्यार्थीहले २०७१ पौष १ गते कार्यालय समय सम्ममा भर्ना भैसक्नु पर्नेछ ।

(ख) स्थान खाली रहन आएमा २०७१ पौष २ गते दोस्रो नामावली प्रकाशित गरिनेछ र दोस्रो नामावलीमा परेका विद्यार्थीहरुले २०७१ पौष ३ गते कार्यालय समय सम्ममा भर्ना भैसक्नु पर्नेछ ।

(ग) स्थान खाली रहन आएमा २०७१ पौष ४ गते तेस्रो (अन्तिम) नामावली प्रकाशित गरिनेछ । तेस्रो (अन्तिम) नामावलीमा परेका विद्यार्थीहरुले २०७१ पौष ६ गते कार्यालय समय सम्ममा भर्ना भैसक्नु पर्नेछ ।

**(II) अन्य कोटाहरुको लागि :-**

अन्य कोटाहरुको सन्दर्भमा पौष ७ गतेदेखि क्रमानुसार पहिलो, दोस्रो, तेस्रो (अन्तिम) नामावली प्रकाशित गर्दै नियमानुसार दुई दिनको समय भित्र भर्ना गरिनेछ । UDF कोटामा पढ्न चाहने विद्यार्थीहरुले UDF सम्बन्धि आवेदन फाराम भरी बुझाउनु पर्नेछ । उक्त आवेदन फाराम २०७१ मंसिर २८ गते देखि पौष ६ गते सम्म लिन र बुझाउन सकिनेछ ।

९. **भर्ना संख्या :-**

वि.एस्सी. Forestry तहमा ८० जना विद्यार्थी भर्ना लिईनेछ । उपरोक्त संख्या विश्वविद्यालयसंग नेपाल सरकार, वन मन्त्रालय तथा अन्य संघ संस्थाबाट MOU भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरिएको छैन । मेरिट कोटा सकिए पछि अन्य कोटाहरुको क्रमैसंग भर्ना सूचि प्रकाशित गरिनेछ । स्थान रिक्त भएमा, प्रत्येक कोटाको लागि ३ (तीन) पटक सम्म नामावली प्रकाशन गरिनेछ । यदि तेस्रो (अन्तिम) पटक प्रकाशित गरेको नामावलीबाट पनि निर्धारित कोटाहरु रिक्त हुन गएमा सबै रिक्त कोटाहरुलाई UDF कोटामा समावेश गरि भर्ना लिइनेछ ।

| क्र.सं. | कोटा | वन विज्ञान समुह | विज्ञान समुह | जम्मा |
|---|---|---|---|---|
| (क) | मेरीट | ११ | २९ | ४० |
| (ख) | पिछडिएको क्षेत्रको सामुदायिक स्कूललाई नभए वोर्डिङ स्कूल | – | ५ | ५ |
| (ग) | द्यलित | – | २ | २ |
| (घ) | जनजाती | – | २ | २ |
| (ङ) | मधेशी | – | २ | २ |
| (च) | अपाङ्ग | – | १ | १ |
| (छ) | शहिद परिवार | – | १ | १ |
| (ज) | द्वन्द पिडित | – | १ | १ |
| (झ) | छात्रा | – | २ | २ |
| (ञ) | स्टाफ कोटा (सहुलियत) | १ | १ | २ |
| (ट) | स्टाफ कोटा (पूर्णशुल्कीय) | – | २ | २ |
| (ठ) | पूर्ण शुल्क (UDF) | ३ | १७ | २० |
| | **जम्मा** | **१५** | **६५** | **८०** |

**द्रष्टव्य:** स्टाफ कोटा (सहुलियत) तर्फ १/१ सिट दुबै समुह (विज्ञान तथा वन विज्ञान) तर्फ छुट्याईएकोमा कारणबस कुनै एक समुह तर्फ रिक्त भएमा अर्को समुहले सो कोटामा समावेश हुन पाउनेछ ।

१०. छात्रा, अपाङ्ग, दलित, जनजाती, मधेसी, पिछडीएको क्षेत्रका विद्यार्थीहरुकोलागि केही सिट छुट्याईएको छ । पिछडीएको क्षेत्रको कोटाकालागि पूर्ण सरकारी अनुदानमा सञ्चालित सामुदायिक माध्यामिक विद्यालयबाट एस.एल.सी. परीक्षा उत्तिर्ण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुंदा उक्त कोटामा भर्ना पाउन इच्छुक भएमा आवेदकले आफुले एस.एल.सी. परीक्षा उत्तिर्ण गरेको विद्यालय पुर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्बन्धित जिल्ला शिक्षा कार्यालयको सक्कलै सिफारिस पत्र आवेदन फाराम साथ संलग्न गर्नुपर्नेछ । अन्यथा त्यस्ता आवेदन फाराम उपर पिछडीएको क्षेत्र कोटाका लागि थप कारवाही गरिने छैन । छात्रा कोटा र पिछडीएको कोटा वाहेक अन्य कोटामा भर्ना हुन ईच्छुक विद्यार्थीहरुले आवेदन फारामसंग निम्नानुसार कोटाका लागि निम्नानुसार निकायको प्रमाण सहित तोकिएको अवधि र ढांचामा नियमानुसार आवेदन दिनुपर्नेछ । साथै उक्त कोटाका लागि भर्ना हुन इच्छुक भई आवेदन दिने आवेदकहरुमध्ये निर्धारित कोटामा योग्यताक्रमको आधारमा  भर्ना लिईनेछ ।

**तपसिल**

| क्र.सं. | कोटा | सिफारिस गर्ने निकाय | क्र.सं. | कोटा | सिफारिस गर्ने निकाय |
|---|---|---|---|---|---|
| १. | दलित | राष्ट्रिय दलित आयोग | २. | जनजाती | आदिवासी जनजाती राष्ट्रिय महासंघ |
| ३. | मधेशी | सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय | ४. | अपाङ्ग | बालबालिका, महिला तथा समाज कल्याण मन्त्रालय |
| ५. | शहिद परिवार | सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्बन्धित मन्त्रालय | ६. | द्वन्द पिडित परिवार | सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्बन्धित मन्त्रालय |
| ७. | स्टाफ | सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता प्रमाणित हुने नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | | | |

११. **भर्नाको आधार:** प्रवेश परीक्षाको प्राप्ताङ्कलाई ८०%, प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस.एल.सी.को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्कभार दिइनेछ । सोको आधारमा योग्यताक्रम सूचि तयार गरी योग्यताक्रम अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तिर्णाङ्क ५०% हुनेछ ।

१२. प्रमाणपत्र तहका निम्न विषयहरु र प्रश्न संख्या प्रवेश परीक्षाको प्रश्नपत्रमा समावेश गरिनेछ र सबै प्रश्नपत्रहरु बहुछनौटिय वस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ । समय अवधि १ घण्टाको हुनेछ ।

**वन विज्ञान समूहतर्फ प्रश्न संख्याः-**

(क) अंग्रेजी - १५, (ख) गणित - १५, (ग) वन विज्ञान - ५०

**विज्ञान समूहतर्फ प्रश्न संख्याः-**

(क) अंग्रेजी - २०, (ख) केमेष्ट्री - २०, (ग) फिजिक्स - २०, (घ) गणित वा वायोलोजी - २०

१३. कुनै पनि किसिमबाट भर्ना भएको विद्यार्थीले पढाई शुरु भएको ३० दिन भित्र भर्ना रद्द गरेमा UDF कोटा सरह रुपान्तरण गरी भर्ना गरिनेछ ।

१४. UDF (University Development Fund) अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीहरुले तोकिएको अवधि र ढाँचामा नियमानुसार आवेदन दिनु पर्नेछ । साथै त्यस्ता आवेदकहरुमध्ये निर्धारित कोटाकोलागि योग्यताक्रम (मेरिट) को आधारमा भर्ना लिइने छ ।

१५. **पूर्ण शुल्क :** स्टाफ कोटा (पूर्णशुल्कीय) तथा पूर्ण शुल्क (UDF) कोटा अन्तर्गत भर्ना हुने विद्यार्थीहरुको लागि नियमित भर्ना शुल्क बाहेक रु.२,००,०००।- (दुई लाख रुपैंया) कायम गरिएको छ । उक्त शुल्क मध्येको प्रथम किस्ता शुल्क रु.१,००,०००।- (एक लाख रुपैंया) बुझाई प्रथम सेमेष्टरमा भर्ना हुनु पर्नेछ । साथै दोस्रो किस्ता रु.५०,०००।- (पचास हजार रुपैंया) तेस्रो सेमेष्टर र तेस्रो किस्ता शुल्क रु.५०,०००।- (पचास हजार रुपैंया) पाँचौ सेमेष्टरको भर्ना समयमा बुझाई सक्नुपर्नेछ ।

१६. भर्ना हुन आउदा आवेदन फाराममा संलग्न सम्पूर्ण प्रमाणपत्रहरुका प्रतिलिपिहरुको सक्कलै प्रमाणपत्रहरु अनिवार्य रुपमा ल्याउनु र बुझाउनु पर्नेछ र उक्त प्रमाणपत्रहरु यस संकायमा शैक्षिक सत्र अवधिभर राखिनेछ । उक्त अवधिभित्रमा भर्ना भएका विद्यार्थीहरुले माग गरि सो प्रमाणपत्रहरु लिन पाउने छैनन् ।

१७. विद्यार्थीहरुले कृ. व. वि. नामदर्ता (AFU Registration) गर्ने समयमा Original Migration Certificate अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त समयमा Original Migration Certificate नबुझाई कृ. व. वि. नामदर्ता गर्न समस्या भएमा सोको जिम्मेवारी विश्वविद्यालयले लिनेछैन ।

१८. भर्ना भएका विद्यार्थीहरुलाई छात्रावासको सुविधा उपलब्ध हुनेछैन ।

**डीन**
वन विज्ञान संकाय

**<u>नोटः</u> आवेदन फाराम बुझाउ“दा आवश्यक कागजपत्रहरुको प्रमाणित प्रतिलिपि निम्नानुसार क्रमबद्ध रुपमा मिलाई बुझाउनु पर्नेछ ।**

(क) पासपोर्ट साईजको फोटो ३ (तीन) प्रति
(ख) नेपाली नागरिकताको प्रमाणपत्र
(ग) एस.एल.सी. परीक्षाको लब्धाङ्क प्रमाणपत्र
(घ) एस.एल.सी. परीक्षाको चारित्रिक प्रमाणपत्र
(ङ) प्रमाणपत्र तहको लब्धाङ्क पत्र (Transcript)
(च) प्रमाणपत्र तहको चारित्रिक प्रमाणपत्र
(छ) प्रमाणपत्र तहको Provisional Certificate
(ज) समानस्तर निर्धारणको प्रमाणपत्र
(झ) सक्कल बैङ्क भौचर
(ञ) सम्बन्धित कोटामा भर्ना हुन पाउँ भन्ने निवेदन र सम्बन्धित निकायले सिफारिस गरेको सक्कल सिफारिस पत्र ।